'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १७९ | आइतवार ११ फागुन, २०८१ | 23 (Sunday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

## बाँके राष्ट्रिय निकुञ्ज

# संरक्षणमा, पर्यटनको बिकास र स्थानीय सहभागिता महत्वपूर्णः सांसद ढकाल

सरला सुवेदी

बाँके, फागुन/१०



मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण र वैकल्पिक जीविकोपार्जन प्रवर्द्धनमा स्थानीय पर्यटन उद्यमीहरूको अवसर सुदृढ गर्न बाँकेमा कार्यशाला गोष्ठी सम्पन्न भएको छ। बाँके राष्ट्रिय निकुञ्जको आयोजनामा सम्पन्न उक्त कार्यशालामा संघीय, प्रदेश, स्थानीय तहका जनप्रतिनिधि, उद्योगी, व्यवसायी तथा सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि, बाँके क्षेत्र नं. १ का सांसद एवं प्रतिनिधिसभा सदस्य सूर्य ढकालले बाँके जिल्लालाई पर्यटकीय हबका रूपमा स्थापित गर्न सबै सरोकारवालाले समन्वय गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "बाँकेको धार्मिक, सांस्कृतिक, पर्यावरणीय सम्पदाहरूको प्रवर्द्धनमा सरकार प्रतिबद्ध छ। पर्यटन प्रवर्द्धनले स्थानीय उद्योग व्यवसायलाई समेत टेवा पुऱ्याउनेछ । "उहाँले बाँके राष्ट्रिय निकुञ्ज संरक्षणमा, पर्यटनको बिकास र स्थानीय सहभागिता महत्वपूर्ण रहेको हुँदा निकुञ्ज आसपासका स्थानीयलाई निकुञ्जले बिर्सन नहुने बताउनु भएको छ। बाँके राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत वीरेन्द्र कंडेलले निकुञ्ज स्थापनाको उद्देश्य र हालसम्मको उपलब्धिबारे जानकारी गराउँदै बाघ संरक्षणका लागि घाँसेमैदान विस्तारलाई प्राथमिकता दिइएको बताउनुभयो । उहाँका अनुसार, विसं २०६७ मा स्थापना भएको बाँके राष्ट्रिय निकुञ्जमा हाल २३ वटा बाघ छन्। संरक्षण प्रयाससँगै पर्यटन प्रवर्द्धनका लागि हात्ती सफारी, जंगल ड्राइभ, पैदल यात्रा, तथा दृश्यावलोकन मचान जस्ता कार्यक्रम सञ्चालन गरिँदै आएको छ। लुम्बिनी पर्यटन विकास परिषदका कार्यकारी निर्देशक रामु जोशीले बाँकेका पर्यटकीय सम्भावनाहरू उजागर गर्न टुर प्याकेज कार्यक्रम निर्माण गर्न लागिएको जानकारी दिनुभयो । उहाँले भने, "बाँकेमा पर्यटन प्रवर्द्धन गर्न धार्मिक तथा प्राकृतिक सम्पदाहरूलाई समेटेर प्रदेश सरकारको सहकार्यमा ठोस योजना अघि बढाइनेछ ।" लुम्बिनी प्रदेशसभा सदस्य नमुना केसीले बाँके निकुञ्जसँग जोडिएको गाभर क्षेत्रलाई पर्यटकीय केन्द्रको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले वार्षिक २५,००० पर्यटक गाभर भित्रिने जानकारी गराउँदै, "गाभरमा थारु, मुगाली, हुम्ली संस्कृतिको संगम पाइन्छ । यहाँका होटल तथा पर्यटन व्यवसायीहरूले बाँके राष्ट्रिय निकुञ्ज प्रवर्द्धन गर्न पहल गर्नुपर्ने बताउनुभयो । बाँकेको महेन्द्र बहुमुखी क्याम्पसका प्राध्यापक सुवेदीले बाँकेलाई व्यावसायिक पर्यटन गन्तव्य बनाउन सबै सरोकार वालाहरूबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले चुरे क्षेत्रको संरक्षणमा पनि विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । यस्तै गोष्ठीको अन्त्यमा बाँकेको पर्यटन प्रवर्द्धन र संरक्षण योजनालाई समेट्दै ६ बुँदे 'कोहलपुर घोषणापत्र २०८१' सार्वजनिक गरिएको छ। घोषणापत्रले बाँके राष्ट्रिय निकुञ्जलाई अन्तर्राष्ट्रियस्तरको पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

# लुम्बिनीमा ललितकला प्रदर्शनी सुरु, मुख्यमन्त्री आचार्यद्वारा उद्घाटन

नमस्ते समचारदाता

बुटवल, फागुन/१०



लुम्बिनी प्रदेश स्तरीय ललितकला प्रदर्शनी बुटवलमा सुरु भएको छ। मुख्यमन्त्री चेतनारायण आचार्यले बुटवलमा आयोजित प्रदर्शनीको उद्घाटन गर्नुभयो । चित्र, मुर्ति, लोक कला मार्फत लुम्बिनीलाई चिनाउन खोजिएको छ। प्रदेशका १२ जिल्लाका कलाकारहरुले निर्माण गरेको आकृतिहरु राखिएका छन । १२३ जना कलाकारको १८० कलाकृति प्रदर्शनीमा राखिएको हो। लुम्बिनी प्रदेश ललितकलाका लागि उर्वर भूमि भएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले कला, संस्कृति, भाषा, साहित्य तथा सिर्जनाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनबाट समृद्ध प्रदेश निर्माण गर्न सकिने बताउनुभयो । लुम्बिनीको माटोबाट बुद्धको मूर्ति निर्माण गरी विश्व बजार सम्म पुऱ्याउन सकिन्छ । कलाकृति र सीपहरू नयाँ पुस्तामा हस्तान्तरण गर्नु जरुरी छ उहाँले भन्नुभयो- हाम्रो सम्पदाका चित्र बनाएर बजारमा पुऱ्याउँदा आम्दानी बढाउन सकिन्छ। 'मुख्यमन्त्री आचार्यले प्रदर्शनी मार्फत ललितकला विधाका कलाकृतिहरूको संरक्षण र प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो ।' कला कुनै पनि राष्ट्रको पहिचान, संस्कार तथा सभ्यताको अमूल्य सम्पत्ति हो । यस्ता प्रदर्शनीहरूले नेपाली ललितकला क्षेत्रको प्रवर्द्धन गर्दै नवप्रतिभाहरूलाई उत्प्रेरित गर्नेछन् उहाँले भन्नुभयो विविध सांस्कृतिक सम्पदाको अभिव्यक्तिसँगै समाजका विभिन्न पक्ष उजागर गर्ने माध्यमका रूपमा यस्ता गतिविधि फलदायी सावित हुनेछन् । मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले साहित्यको संरक्षण तथा प्रवर्द्धन, भाषा विकास, संस्कृति र इतिहासको संरक्षण तथा कला प्रवर्द्धनका लागि प्रज्ञा-प्रतिष्ठान गठन प्रक्रिया अघि बढाइसकेको जानकारी गराउनुभयो । उहाँका अनुसार विधेयक तर्जुमा प्रक्रिया जारी छ। ऐन सबै पक्षलाई समेटेर तयार पारिने बताउनु भयो। प्रदेश सरकार ललितकला लगायत सम्पूर्ण कलाक्षेत्रको समग्र विकासका लागि सकारात्मक रहेको समेत उहाँले बताउनुभयो। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजनामा सुरु भएको यो प्रदर्शनी फागुन १४ गतेसम्म सञ्चालन हुनेछ । ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले अनुसन्धान, सिर्जना र सम्मानलाई प्राथमिकतामा राखिएको बताउनुभयो। उहाँले ललितकला क्षेत्रमा नयाँ कलाकार उत्पादन हुनु सुखद पक्ष भएको उल्लेख गर्दै तीन तहका सरकारले कलाकार तथा सिर्जनाकर्ताहरूको पहिचान र प्रवर्द्धनमा योगदान गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। लुम्बिनी प्रदेश संयोजक दिनेश्वर महतोको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा प्रदर्शनी उद्घाटन गरिएको थियो । कार्यक्रममा प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठले बदलिँदो परिस्थितिमा आशाको किरणका रूपमा ललितकलालाई लिनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले ऐतिहासिक कलाकृतिको संरक्षणलाई अभियानका रूपमा अघि बढाउन आवश्यक रहेको बताउनुभयो। ***बाँकी ३ पेजमा...***

# भिरबाट लडेर एघार जनाको मृत्यु

नमस्ते समचारदाता

बैतडी, फागुन/१०



घाँस काट्ने क्रममा भिरबाट लडेर फागुन ४ गते सुर्नया गाउँपालिका-४, डबराली टाँककी २३ वर्षीय दीपा बोहोरा महराको मृत्यु भयो। सो दिन दिउँसो २ बजे सोही वडाको जयसिंया भिरबाट घाँस काट्ने क्रममा लडेर स्थानीय केशवसिंह महराकी श्रीमती दीपाको घटनास्थलमै मृत्यु भएको हो। मृतकका आफन्त एवं गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रामसिंह महराका अनुसार जया घाँस काट्ने क्रममा तीन सय मिटर तल खस्नुभएको थियो। महराका श्रीमान् केशव रोजगारीका सिलसिलामा भारतमा हुनुहुन्छ भने घरमा आठ महिनाका छोरा छन् । गत बिहीबार जिल्लाको पाटन नगरपालिका-८ स्थित आरुबाटा भिरमा बेवारिसे अवस्थामा अन्दाजी ४० वर्षीय एक पुरुषको शव फेला परेको छ। विद्यार्थीले भिरमा देखेपछि प्रहरीलाई खबर गरिएको र सो शवको पहिचान अहिलेसम्म खुल्न सकेको छैन। पैदल हिँड्ने क्रममा लडेर मृत्यु भएको हुन सक्ने स्थानीयको अनुमान छ। बैतडीमा घाँसदाउरा काट्न गएका, बाटो हिँड्दा भिरबाट लडेर अकालमै ज्यान गुमाउने र घाइते हुनेको सङ्ख्या धेरै छ। चालु आर्थिक वर्षमा भिरबाट लडेर मृत्यु भएका ११ घटना प्रहरीकहाँ पुगेका छन्। योबाहेक धेरै संख्या प्रहरीमा नपुग्ने गरेको अनुमान गरिएको छ। जिल्ला प्रहरी कार्यालय बैतडीका अनुसार आव २०८१/८२ मा मात्रै भिरबाट लडेर ११ जनाको मृत्यु भएको छ। चालु आवमा प्रहरीमा खबर पुगेका मात्रै ११ जनाको भिरबाट लडेर तथा एक जनाको रुखबाट लडेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी निरीक्षक बलराम पाण्डेले बताउनुभयो। पुर्चौडी नगरपालिकामा एक महिला, सिगास गाउँपालिकामा एक पुरुष, दोगडाकेदार गाउँपालिकामा एक महिला, डिलासैनी गाउँपालिकामा एक महिला, पाटन नगरपालिकामा एकमहिला, दशरथचन्द नगरपालिकामा दुई पुरुष, मेलौली नगरपालिकामा एक पुरुष, पन्चेश्वर गाउँपालिकामा एक पुरुष र सुर्नया गाउँपालिकामा दुई महिला गरेर सात महिला र चार पुरुषको मृत्यु भएको छ। यस्तै शिवनाथमा रुखबाट लडेर एक महिलाको मृत्यु भएको प्रहरी निरीक्षक पाण्डेले बताउनुभयो। "महिलाको घाँस काट्ने बेला लडेर मृत्यु भएको देखिन्छ। पुरुषहरूको भारी बोकिरहेका वा बाटो हिँड्दा भिरबाट खसेर मृत्यु भएको पाइएको छ," उहाँले भन्नुभयो, "यस्ता घटना प्रायः भइरहे पनि प्रहरीकहाँ सबै आउँदैनन्।"

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट


कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

# सार्वजनिक शिक्षा कस्तो हुनुपर्छ ?

भवानी खड्का




शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षाबाट नै मानिसको सर्वाङ्गीण विकासलाई सम्भव हुन्छ ।  समाजमा योग्य एवं सक्षम व्यक्तिको भूमिका निर्वाह गर्न सक्ने बनाउँछ । शिक्षा मानवीय परिवर्तनको प्रमुख तत्व हो । व्यक्तिको बौद्धिक, शारीरिक, सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक, भौतिक आदि हरेक क्षेत्रको सर्वाङ्गीण विकास गराउनु शिक्षाको कार्य हुन्छ । शिक्षाको उद्देश्य व्यक्ति र समाज दुवैलाई माथि लैजाने रहेको छ । नेपालजस्तो अल्पविकसित मुलुकमा व्यक्ति र समाजको विकासका लागि आर्थिक उन्नतिलाई टेवा पुऱ्याउने खालको शिक्षा हुनपर्छ । व्यक्तिको चाहनालाई मात्र होइन, समाजलाई नै अगाडि बढाउने र श्रमशक्ति तथा उत्पादन प्रक्रियामा टेवा पुऱ्याउने खालको शिक्षा हुनुपर्छ । यसरी शिक्षा  मानिसलाई पूर्ण बनाउने एउटा प्रक्रियाका रूपमा परिभाषित गर्न सकिन्छ । शिक्षा कस्तो हुनुपर्ने परिभाषा व्यक्तिको जीवनमा लागू भएका छन् कि छैनन् भन्ने कुरा महत्वपूर्ण रहेको छ । देश विकासको मुख्य आधार भनेको त्यस देशको शिक्षा हो । शिक्षाले नै देशको सामाजिक, आर्थिक, राजनीतिकलगायत समग्र पक्षको विकास गर्न सहयोग गर्दछ । शैक्षिक अवस्था कमजोर भएपछि देशको समग्र अवस्था कमजोर हुनु स्वाभाविक हो । विद्यालयलाई सरकारी र निजी बनाउनु, शिक्षकलाई स्थायी, राहत, निजी, अनेक प्रकारका भद्रगोल दरबन्दी, २०७५ सालभन्दा अगाडिका शिक्षक, २०७५ सालभन्दा पछाडिका शिक्षकलगायत अनेकौं दर्जा दिइरहँदा शिक्षाको उद्देश्य अन्योलमा परेको त होइन भन्ने प्रश्न पनि छ । देशमा शिक्षाको ढोका, शिक्षा प्रणाली फरकफरक हुँदा यो स्थिति सिर्जना भएका त होइनन् ? सरकारले हालै जारी गरेको अध्यादेश उपयुक्त छ त ? २०७५ चैत ४ गतेभन्दा पछाडि स्थायी नियुक्ति लिएका शिक्षकहरूलाई नेपाल सरकारले जारी गरेको अध्यादेश उपयुक्त छ ? ६ वर्ष खाइपाइ आएको तलबबाट शिक्षकहरूले निवृत्तिभरण कोषमा दाखिला गर्न कत्तिको सम्भव छ ? शिक्षा ऐन कहिले जारी हुने यी यस्ता थुप्रै प्रश्नहरू छन् । देशमा रहेका सातै प्रदेशका ७ सय ५३ वटै  स्थानीय तहभित्रका सबै व्यक्तिका आँखाले हेर्ने शिक्षारूपी ऐना एउटै हुनुपर्ने हो कि होइन ? एउटै हुनुपर्छ भन्ने कुराले महत्त्व राख्दैन ? समयमै देशको शैक्षिक क्षेत्रमा रहेका अनेक समस्याहरूलाई समाधान गर्नु उपयुक्त रहेको छ । नेपालको संविधानको भाग ३, धारा ३१ ले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधार भूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क हुने गरी नागरिकको शिक्षा पाउने हकको प्रत्याभूति र राज्यको दायित्व किटान गरेको छ । देशका तीन अंगहरूले शिक्षासम्बन्धी आआफ्नो अधिकारलाई कार्यान्वयन गर्ने प्रयास गरिरहेका छन् । किनकि हाम्रो संविधानले सबैलाई बराबर अधिकार दिएको छ । यति हुँदाहुँदै पनि शिक्षामा गुणस्तरको अवस्था कस्तो छ मनन् गनुपर्ने बेला आइसकेको छ । शिक्षालाई एउटै धार बाट अगाडि बढाउन सकिएन भने देशको शैक्षिक अवस्थामा नमीठो धक्का लाग्न सक्छ । अहिले जताततै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको विषयमा बहस चल्ने गरेको छ । केही नमुना सामुदायिक विद्यालयहरू पनि छन् । तर समग्रमा सबै सामुदायिक विद्यालयको शिक्षा गुणस्तरीय बनाउन के गर्ने ? समग्र रूपमा शैक्षिक स्तर राम्रो बनाउनको लागि काठमाडौंको राजधानीका विद्यालयका भौतिक अवस्था, विद्यार्थी र कुनै पनि गाउँको दुर्गम क्षेत्रमा बसेर अध्ययन गर्ने विद्यार्थीले पाउने शैक्षिक पद्धति अनि त्यहाँको भौतिक अवस्था उस्तै हुनु पर्दैन र ? दूरदराजमा रहेका विद्यार्थी र काठमाडौंको राजधानीका विद्यार्थीले भविष्यमा प्रतिस्पर्धा गर्ने ठाउँ एकै होइन र ? त्यसैले शैक्षिक क्षेत्रमा सुधार गर्न जरुरी छ । सुधार गर्नको लागि सबैभन्दा पहिला आआफ्नो ठाउँबाट कदम चाल्नुपर्दछ । एउटा विद्यालय सफल बनाउन चौतर्फी भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालय व्यवस्थापन समितिको पनि महत्वपूर्ण भूमिका छ । विद्यालय व्यवस्थापनको जिम्मा लिएपछि पूरा गर्नुपर्दछ भन्ने हेक्का पनि हुनुपर्छ । सिकाइमा नकारात्मक प्रभाव नपर्ने तरिकाले विद्यालयमा भएका समस्याहरू समाधान गर्ने जिम्मा सो समितिको रहेको हुन्छ । तर कतिपय ठाउँमा व्यवस्थापन समितिले नै विद्यालयको शैक्षिक वातावरणमा नकारात्मक असर पर्ने खालका गतिविधि गरेका र दोष जति मास्टरलाई थोपर्ने गरेको पनि छ । सरकारी विद्यालयका विद्यार्थीका अभिभावकलाई नतिजा आउने दिन मात्र छोराछोरीको पढाइको चिन्ता हुन्छ । नतिजा आएसँगै सबैको औंला सरकारी विद्यालय र त्यहाँका शिक्षकतिर फर्किने गर्दछ मानौं कि बच्चा फेल हुनुको कारण शिक्षक मात्र हो । बाँकी दिन कसैलाई त्यतातिर ध्यान दिने फुर्सद हुँदैन । के सरकारी विद्यालयका विद्यार्थी असफल हुनुमा विद्यालय र विद्यालयका शिक्षक मात्र जिम्मेवार छन् ? हो एउटा जिम्मेवार पक्ष विद्यालय र त्यहाँ पढाउने शिक्षक हुन् । तर, स्वयं विद्यार्थी, अभिभावक, समाज र सरकार पनि यसका प्रमुख भागीदार हुन् । अहिले स्थानीय तहमा शिक्षा शाखा छन् । ती  शाखाले विद्यालयको अनुगमन गरी आवश्यक सहयोग गर्ने र बर्सेनि विद्यालयबाट लिएका शैक्षिक उपलब्धिलाई मूल्यांकन गरी विद्यालयको अवस्था सार्वजनिक गर्नुपर्छ । साथै शिक्षामा भइरहेका परिवर्तनको बारेमा विद्यालयलाई जानकारी गराउँदै  समयसमयमा आवश्यक तालिमको व्यवस्था गर्नुपर्दछ। समयानुकूल सुधार गर्दै प्रयोगात्मक तथा व्यावहारिक शिक्षालाई प्राथमिकता दिनु जरुरी छ । प्रत्येक विद्यालय सञ्चालनको कस्तो अवस्था छ ? पालिकाले म्यापिङ गर्नु पर्दछ । कुन विद्यालयको अवस्था कस्तो छ ? कुन विद्यालयले गुणस्तरको लागि के गर्न खोजेका छन् अनुगमन गरेर सो अनुसार स्रोतसाधनको व्यवस्था पनि हुनुपर्छ । हाल नेपालमा बालविकास कार्यक्रममा रहेका शिक्षकहरूको अवस्थालाई मनन् गरौं । बालविकास कक्षाहरूलाई प्रोत्साहन गर्नुपर्ला कि नपर्ला ? शिक्षामा सुधारमा प्रवर्द्धन गर्न तल्ला कक्षालाई प्रोत्साहन गर्न पर्दैन ? यो अर्को प्रश्नको विषय छ । तसर्थ बालविकास केन्मा कम्तीमा प्राथमिक तहको शिक्षकबराबर तलबको व्यवस्था गर्न आवश्यक छ । शिक्षा क्षेत्रमा 'वार्षिक बजेट कति प्रतिशत हुँदा प्रभावकारी हुन्छ ? यो सरकारले मनन् गर्नुपर्ने अवस्था छ  । सरकारी विद्यालयको गुणस्तर सुधार्न सबै पक्ष उत्तिकै जिम्मेवार भएर लाग्नु जरुरी छ । अधिकांश विद्यालयमा शिक्षकको दरबन्दी पूरा छैन । गाउँको सरकारी विद्यालयमा विज्ञान, गणित, अंग्रेजीजस्ता विषय पढाउने शिक्षक पाउन मुस्किल छ । कतिपय विद्यालयले कठिन तरिकाले निजी स्रोत शिक्षक राख्नुपर्ने बाध्यात्मक अवस्था छ । प्रत्येक सरकारी विद्यालयमा अनिवार्य कम्पाउन्डले घेर्ने तथा गेटको व्यवस्था गर्नुपर्दछ । यसमा पनि प्राथमिक विद्यालयहरूलाई तीन वटै निकायले प्राथमिकतामा राखेर काम गर्नुपर्छ । घर बलियो बनाउन जग बलियो बनाउनुपर्ने होइन र ? सरकारी विद्यालयमा कम्पाउन्डको व्यवस्था नहुँदा विद्यालय हाताभित्र गाईभैंसी बस्ने, कुकुरले रमिता देखाउने, विद्यालयको प्राङ्गणमा फोहोर गरिदने जस्ता समस्याले विद्यालय अशान्त बनेको देखिन्छ । तसर्थ विद्यालयको भवनमात्र खडा गरेर हुँदैन । गुणस्तरीय, जीवनपयोगी र प्रविधिमैत्री बनाउनु पर्ने जरुरी छ । गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, प्रतिस्पर्धी । उत्पादनशील र नवप्रवर्तनशील मानवस्रोतको विकास गर्ने लक्ष्यका साथ अघि योजना, कार्यक्रम अघि बढाउनुपर्छ । *–अन्नपूर्ण*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि  काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि  काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि  काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।


बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

# करार कर्मचारी पाँच महिना देखि तलबविहीन

■ नमस्ते समाचारदाता
सल्यान, फागुन/१०



सल्यान जिल्ला अस्पतालमा कार्यरत करार सेवाका १७ जना स्वास्थ्यकर्मी पाँच महिना देखि तलबविहीन बनेका छन्। कर्णाली प्रदेश सरकारले आवश्यक बजेट नपठाउँदा उनीहरूले तलब पाएका छैनन्। गत असोजदेखि तलब नपाउँदा दैनिक खर्च टार्न र परिवार पाल्न नसक्ने अवस्थामा पुगेको कर्मचारीले बताउने गरेका छन्। अस्पतालका विभिन्न सेवा शाखामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा कार्यालय सहयोगीले पटक पटक तलब मागे पनि कुनै सुनुवाइ नभएको गुनासो गरेका छन्। ल्याब असिस्टेन्ट अञ्जना रानाले आफू नौ वर्षदेखि अस्पतालमा कार्यरत रहेको बताउँदै तलब रोकिएपछि गम्भीर आर्थिक समस्यामा परेको बताउनुभयो। उहाँले भन्नुभयो, "रातदिन खटिएर बिरामीको सेवा गरिरहेका छौं तर महिनौँसम्म तलब नपाउँदा घरबाट खर्च लिएर काम गर्न बाध्य छौँ, कहिलेसम्म यसरी काम गर्न सकिन्छ।" नर्स, ल्याब टेक्निसियन, फार्मेसी सहायक, एक्सरे टेक्निसियन, कार्यालय सहायक, वार्ड सहायक जस्ता विभिन्न पदमा कार्यरत करार कर्मचारीले महिनौँसम्म तलब नपाउँदा जीवनयापन गर्न कठिन भएको बताएका छन्। करार सेवाका कर्मचारीले पटक पटक अस्पताल प्रशासन हुँदै प्रदेश सरकारसम्म तलबका लागि माग गरेका छन् तर कुनै पनि ठोस पहल नभएपछि अब आन्दोलनमा जानुपर्ने अवस्था आएको उनीहरू बताउँछन्। कतिपय कर्मचारीले अस्थायी रूपमा अन्य ठाउँमा जागिर खोज्न थालेका छन् भने केहीले काम छोड्ने सोच बनाइसकेका छन्। अस्पताल प्रशासनले पनि कर्मचारीले काम छोड्न थालेपछि अस्पतालको सेवा नै प्रभावित हुने बताएको छ। स्वास्थ्य सेवा कार्यालय सल्यानका प्रमुख डा. अर्जुन बुढाले यस विषयमा पटक पटक प्रदेश सरकारलाई जानकारी गराइएको बताउनुभयो। उहाँले धेरै पटक पत्राचार गरिसकेको भन्दै अहिलेसम्म बजेट नआएकाले कर्मचारीलाई तलब दिन नसक्दा अप्ठ्यारो परेको जानकारी दिनुभयो। उहाँका अनुसार अस्पतालमा जनशक्ति अभावका कारण सेवा नियमित रूपमा सञ्चालन गर्न कठिन भइरहेको छ। पहिल्यै जनशक्ति कम छ। अहिले तलब नपाउँदा कर्मचारी हतोत्साहित भइरहेका छन्। कतिपयले काम छोड्ने सङ्केत गरेका छन्। यस्तो अवस्थामा अस्पतालको सेवा प्रभावित हुने पक्का छ। यता कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले सङ्घीय सरकारबाट आउने बजेट कटौती भएकाले प्रदेश सरकारले आवश्यक रकम पठाउन नसकेको बताउनुभयो। उहाँले कर्णालीका अन्य जिल्ला अस्पतालमा पनि यही समस्या रहेको भन्दै बजेटको माग अर्थ मन्त्रालयसँग भइरहेको जानकारी दिनुभयो। बजेट थप भएमा करार सेवाका कर्मचारीलाई तलब दिइने उहाँको भनाइ छ।

# जिप दुर्घटना हुँदा ५ जना घाइते



■ नमस्ते समाचारदाता
बैतडी, फागुन/१०


जिप दुर्घटना हुँदा ५ जना घाइते भएका छन्। जिल्लाको सुर्नया गाउँपालिका ८ बाट ढोले बजारतर्फ आउँदै गरेको से १ ज ४१४ नंम्बरको जिप सोही वडाको बजालाउनेधारमा दुर्घटना हुँदा ५ जना घाइते भएका हुन्। घाइते हुनेमा डडेल्धुरा अमरगढी नगरपालिकाका ५३ वर्षीय शिव बहादुर पार्की, सोही ठाउँका ४८ वर्षीय तेज पार्की र ३६ वर्षीय दिपक कैनी, दिपेन ताम्राकार र निकास ताम्रकार रहेको ढोले प्रहरी चौकीका निमित्त इन्चार्ज मदन सुनारले जानकारी दिनुभयो। घाइते शिव, तेज र दिपकलाई उपचारको लागि डडेल्धुरा अस्पताल पठाइएको छ। दिपेन र निकासको अवस्था समान्य रहेको र उहाँहरुलाई स्थानीय स्वास्थ्य चौकीमा उपचार भइरहेको प्रहरीले जनाएको छ। चालक केशव कौनी फरार रहेका छन्। जिपमा ३५ वटा बाखा थिए। ३ वटा बाखा मरेको ढोले प्रहरी चौकीले जनाएको छ। कच्ची सडक खण्डको उकालोमा चढ्न नसकी ब्याक भएर दुर्घटना भएको र सडकबाट करिब १ सय ५० मिटर तल खसेको बताइएको छ।

## लुम्बिनीमा...

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेलेले बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका स्थानीय र ऐतिहाँसिक पहिचान झल्कने चित्रहरु सार्वजनिक स्थलमा आगामी दिनमा कोरिने बताउनु भयो। त्यसैगरी, उद्घाटन कार्यक्रममा नेपाल व्यावसायिक कलाकार संघ, रुपन्देहीका अध्यक्ष दिलीप रसाइली, रुपन्देही उद्योग संघका अध्यक्ष दिलीप सापकोटा लगायतले सम्बोधन गर्नुभएको थियो। कलाकार नरबहादुर विकले कार्यक्रम स्थलमा २० मिनेटको अवधिमा कोर्नु भएको चित्र मुख्यमन्त्री आचार्यलाई समेत हस्तान्तरण गर्नु भएको थियो।

# खडेरीको मारमा हिउँदे बाली

■ नमस्ते समाचारदाता
कालीकोट, फागुन/१०



हिउँदमा पानी नपरेका कारणले हिउँदे बाली पूरै प्रभावित भएको छ। कालीकोटका प्रायः खेती हुने क्षेत्रमा सिँचाइको व्यवस्था छैन। सिँचाइ अभावका कारण यहाँका हिउँदे खेती सुक्न थालेको छ। माघको अन्तिमसम्म पानी पर्छ होला भनेर प्रतीक्षामा रहेका किसान फागुनको पहिलो सातासम्म पनि पानी नपर्दा अब भने पानी पर्ने सम्भावना नभएको भन्दै निराश भएका छन्। आकासे पानीको भरमा रहेका जिल्लाका पलाँता गाउँपालिका, पचालझरना गाउँपालिकाभित्रका सबै खेतपाखा अहिलेसम्म बाँझै छन्। पानी नपरेका कारणले गहुँ छर्न सकिरहेका छैनन्। थोरै सिँचाइ पुगेको क्षेत्रमा छरिएका गहुँ पनि सुक्न थालेको छ। पलाँता गाउँपालिका-७ का लङ्कबहादुर बमले लगातार दुई वर्ष पलाँता क्षेत्र खडेरीको मारमा परेको बताउनुभयो। उहाँले गत वर्ष पनि यस्तै भएको भन्दै दुवै वर्ष खडेरीले किसान चिन्तामा रहेको सुनाउनुभयो। गत वर्ष सिँचाइ गरेर हुर्काएका गहुँ बालीपछि पानीका मुहान सुक्दा सिँचाइ गर्न नपाएर बोटमै सुकेका थिए। जसोतसो जोगाएको बाली चैतको अन्तिममा आएको असिनाले लियो। प्राकृतिक प्रकोपले पनि किसानलाई निकै दुःख दिने गरेको छ। जिल्लाको रास्कोट नगरपालिका, तिलागुफा नगरपालिका क्षेत्रका केही स्थान, खाँडाचक्रको तल्लो क्षेत्रमा सिँचाइ सुविधा छ तर खडेरीले पानीका मुहानसमेत सुक्न सुरु भएकाले खोलामा पानी छैन। खाँडाचक्र नगरपालिकाका निवर्तमान नगरप्रमुख जसिप्रसाद पाण्डेले आफ्नो पालामा केही ठाउँमा सिँचाइ कुला निर्माण भए पनि खडेरीका कारणले ती कुलामा पानी नभएको सुनाउनुभयो। पानीको स्रोत नभएको क्षेत्रको जमिनमा धुलो उड्न थालेको छ। पलाँता-२ का विनोद न्यौपानेले खाँडा, बानजडा क्षेत्रमा आगोको मुस्लो जस्तो धुँवा मात्र उड्ने गरेको बताउनुभयो। रास्कोट क्षेत्रका केही सिँचाइ हुने क्षेत्रमा भने गहुँ बाली हरियो देखिन थालेको छ। नगरको वडा नं. ८ को जिउलो हरियो हुँदा सबैको आँखा त्यसतर्फ जाने गरेको छ। स्थानीय जनक न्यौपानेले आफ्नो गाउँको जिउलाको हरियाली हेर्न बढ्न थालेको बताउनुभयो। नगर स्वास्थ्य शाखामा कार्यरत न्यौपाने कुनै काम विशेषले नगरपालिका पुगेकालाई आफ्नो गाउँको खेत देखाउने गर्नुहुन्छ। खेतको सिरानमा सिँचाइ कुलो भएकाले रास्कोट-८ को जिउलोलाई खडेरीको प्रभाव परेको छैन। सिँचाइ नपुग्ने क्षेत्रमा गहुँका बोट हुर्किन नपाउँदै सुकिसकेका छन्।

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

# उजुरी नै नपर्ने प्रहरी चौकी

■ नमस्ते समचारदाता
हुम्ला, फागुन/१०



जिल्लाको उत्तरी क्षेत्रका प्रहरी चौकीमा उजुरी नपरेको देखिएको छ । हिउँदमा चिसोको कारण मानिसहरुको वसोवास कम हुने र बाहिरका मानिसहरुको आउजाउ नहुने भएका कारण कुनै अपराधिक घटना नघट्ने र उजुरी नपर्ने प्रहरी कार्यालयका पदाधिकारीको भनाइ छ । गत मङ्सिर महिना यता यारी प्रहरी चौकीमा एउटा पनि उजुरी नपरेको यारी प्रहरी चौकीका इन्चार्ज प्रहरी हवल्दार श्रीराम पार्कीले बताउनुभयो । उहाँले चौकी ड्युटी दिने तर कुनै पनि उजुरी नपर्ने भएको कारण चौकीमा कुर्ने काम मात्र भएको बताउनुभयो । उहाँले उजुरी नपरे पनि प्रहरी यारीको निम, ह्याङ्सी गाउँसम्म एक दिन लगाएर गस्ती गर्न भने जाने गरेको बताउनुभयो । हिउँदमा हिल्सा नाकाबाट चीनको ताक्लाकोट आउजाउ नहुने भएको कारण पनि कुनै अपराधिक घटना हुने नगरेको उहाँले बताउनुभयो । हाल यारी र दह गाउँमा प्रहरी बाहेक स्थानीयको मात्र वसोवास हुने गरेको छ । यारी प्रहरी चौकीमा ६ जना प्रहरीले काम गर्दै आउनुभएको छ । विगतमा यारी गाउँ झगडा भइरहने गाउँमा पर्थ्यो । यता सिमा प्रहरी चौकी हिल्साका प्रहरी सहायक निरीक्षक ललित बहादुर रावतले हालसम्म प्रहरी चौकीमा कुनै पनि उजुरी नपरेको बताउँदै नारामा हिमपातले सडक अवरुद्ध भएपछि मानिसको आउजाउ बन्द भएको बताउनुभयो । नियमानुसार चौकीमा बस्नै पर्ने भएका कारण हाल प्रहरी हिल्सामा बसिरहेको उहाँले बताउनुभयो । स्थानीय बाहेक सशस्त्र प्रहरी र जनपद प्रहरी मात्र हिल्सामा वस्दै आउनुभएको छ । हिउँदको समयमा गत वर्षसम्म प्रहरी चौकीमा नवसेर मुचु प्रहरी चौकीमा सर्ने गर्थ्यो । स्थानीयको वसोवास कम हुँदैगएको कारण पनि कुनै आपराधिक घटनाहरु नभएको प्रहरीको भनाइ छ । कुनै घटना नहुने भएकै कारण नाम्खा गाउँपालिका -६ को हिमालपारीको गाउँ लिमीको सुनखानी प्रहरी चौकी ६ महिनाका लागि स्थापनादेखि जिल्लामा सर्ने गर्दैआएको छ ।

# जुम्लाका बाह्र वडा बालविवाहमुक्त



■ नमस्ते समचारदाता
जुम्ला, फागुन/१०

जुम्लाको १२ वटा वडा बालविवाहमुक्त भएका छन् । सिँजा क्षेत्रमा रहेको हिमा गाउँपालिका-५ लाई बालविवाहमुक्त वडा घोषणा भएपछि जिल्लामा १२ वटा वडा बालविवाहमुक्त वडा घोषणा भएका हुन् । यसअघि हिमाका वडा नं १, २, ३ र ५ वडा बालविवाहमुक्त घोषणा भइसकेका छन् । सिँजा गाउँपालिकाको वडा नं. २, ४ र ६, कनकासुन्दरी गाउँपालिकाको वडा नं. ४, ५ र पातारासी गाउँपालिकाको वडा नं. ५, तिला गाउँपालिकाको वडा नं. ६ र गुठीचौर गाउँपालिका -४ बालविवाहमुक्त घोषणा गरिसकिएका छन् । 'पछिल्लो समयमा बिहेबारी २० वर्षपारि, हामी सबैको ऐक्य बद्धता, बालविवाहमुक्त हिमा गाउँपालिकाको प्रतिबद्धता' भन्ने मूल नाराका साथ हिमा गाउँपालिका-५ लाई बालविवाहमुक्त वडा घोषणा गरिएको हो । गाउँपालिकाभित्रका सबै वडालाई बालविवाहमुक्त वडा घोषणा गरिने लक्ष्य अनुसार सबै सूचक पूरा गरी गाउँपालिका-५ लाई बाल विवाहमुक्त वडा घोषणा गरिएको छ । हिमा गाउँपालिकाका अध्यक्ष लक्ष्मण बहादुर शाहीका अनुसार समाजमा बालविवाह समाजमा बढी असर गरेका कारण गाउँपालिकालाई बालविवाहमुक्त घोषणा गरिएको छ । उहाँले वडा नं. ५ सहित चार वटा वडालाई बालविवाहमुक्त घोषणा गरिएको जानकारी दिनुभयो । घोषित वडामा बालविवाह सम्बन्धी रणनीति, बाल संरक्षण नीति, बालविवाहमुक्त अभियान सञ्चालन निर्देशिका, बाल अधिकार संरक्षण समिति पालिका, वडा र विद्यालयस्तरमा क्रियाशील रहेकोलगायतका मापदण्ड पूरा भएकाले वडालाई बालविवाहमुक्त घोषणा गरिएका छन् । नेपाललाई सन् २०३० सम्म बालविवाहमुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य अनुसार गैरसरकारी संस्थाको सहयोग र समन्वयमा यहाँका स्थानीय तहले बालविवाहमुक्त वडा घोषणा गरिरहेका छन् । हिमा गाउँपालिकाका सात वटा वडामध्ये चार वटा वडा बालविवाहमुक्त भइसकेका छन् ।

# गाउँमा नेपाल टेलिकमको 'फोरजी' सञ्चालनमा आएपछि...

■ नमस्ते समचारदाता
हुम्ला, फागुन/१०



वर्षौंदेखि टेलिफोन तथा इन्टरनेटको समस्या झेलिरहेका हुम्लाको अदानचुली गाउँपालिका र मुगुको सोरु गाउँपालिकामा चौथो जेनेरसनको मोबाइल डाटा सेवा 'फोरजी'सेवा सञ्चालनमा आएपछि त्यहाँका नागरीक खुसी भएका छन् । विसं २०७३ पुस १७ गतेदेखि नेपाल टेलिकमले काठमाडौँ र पोखराबाट फोरजी सुरुआत गरेको जनाइएको छ । यस अघि हरेक वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा गएर भिडियो कलदेखि अन्य इन्टरनेट सम्बन्धी काम गरीरहेका त्यहाँका नागरिक आजदेखि घरघरको कुनैमै बसेर भिडियोकल गर्न पाएपछि खुसीको सिमा नै नरहेको हुम्ला अदानचुली गाउँपालिका वडा नम्बर ५ का सिंह बोहराले बताउनुभयो । दुर्गम गाउँमा फोरजी सञ्चालनमा आएपछि हुम्लाको दक्षिणी क्षेत्र ताँजाकोट, अदानचुली र सर्केगाड गाउँपालिका तथा मुगुको सोरु गाउँपालिकासहित बाजुरा र मुगु आसपासका सबै गाउँमा फोर जी सेवा सञ्चालन भएको नेपाल टेलिकमले जनाएको छ । गाउँमै फोरजी सेवा सहितको इन्टरनेट र टेलिफोन सञ्चालनमा आएपछि स्थानीयले राहत महसुस गर्नुका साथै स्थानीय तहको दैनिक कार्य सम्पादनमा समेत सहज भएको अदानचुली गाउँपालिका अध्यक्ष मोहनविक्रम सिंहले बताउनुभयो । गाउँपालिकाका उपाध्यक्ष केशर बहादुर शाहीले आजबाट आफ्नो गाउँपालिकाको केन्द्र नजिकै रहेको लामाकाँधमा राखिएको 'फोरजी'को टावर सञ्चालनमा आएको र यसले गाउँपालिका भित्रका कुन कुन बस्तीमा यसले काम गरेको छ जानकारी दिन सबैलाई अनुरोध समेत गर्नु भएको छ । उहाँका अनुसार फोर जी सेवा विस्तारले गाउँमा विद्युतीय माध्यमबाट शिक्षा, स्वास्थ्य, सामाजिक सेवा र मनोरन्जन तथा सूचना आदान प्रदानको काम समेत सहज हुने बताउनुभयो । सोरु गाउँपालिका वडा नम्बर ३ को लामाकाँधमा राखिएको टावरले सोरु गाउँपालिकाका केही बस्तीहरु र हरम्लाको ताँजाकोट, सर्केगाड, र अदानचुली गाउँपालिकाका अधिकांश बस्तीहरुमा आज दिउँसोबाट सञ्चालन सुरु गरेको छ भने अदानचुली च्याममा राखिएको टावर भोली (शनिवार) दिउसो १ बजेबाट सञ्चालनमा आउने टावर निर्माणको जिम्मा पाएका अदानचुली गाउँपालिका वडा नम्बर ५ का दृघ सिंहले जानकारी दिनु भयो । च्याममा राखिएको टावर शनिबार सञ्चालनमा आएपछि जिल्लाको तल्लो क्षेत्रका अधिकांश बस्तीहरुमा 'फोरजी' सेवा सञ्चालन हुँने छ भने अदानचुली र सर्केगाड गाउँपालिकाको बीच भाग अर्थात महतारा चौरमा निर्माणधिन टावर सञ्चालनमा आएपछि तल्लो क्षेत्रका सबै बस्तीमा इन्टरनेट सेवा सुचनारु हुँने नेपाल टेलिकम हुम्ला रिन्जिन लामाले बताउनु भयो । जिल्ला सदरमुकामबाट निकै दुर्गम गाउँमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीय निकै खुसी छन् । आजदेखि टावरको निर्माण पूरा भएसँगै यस क्षेत्रका घर घरमा फोरजी चल्न थालेको अदानचुली गाउँपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत हंस महताराले बताउनुभयो । उहाँले भन्नुभयो " दुई वर्ष देखिको निरन्तर प्रयासका बाबजुत आजबाट सञ्चालनमा ल्याउन सफल भएकोमा निकै खुसी ब्यक्त गर्दै अब कदमकदाचित ओर्डलिंक र एभरेष्टको टावर डाउन भएपनि आफुहरुको काम अबरोध नहुँनेमा ढुक्क छौँ ।" अदानचुली गाउँपालिका वडा नम्बर १ कल्खेका अम्मर रावल भन्नुहुन्छ, "यसअघि यहाँका बासिन्दा मोबाइलमा कुरा गर्न पनि कता अग्लो डाँडा छ भनेर खोज्दै हिँड्थे । अहिले भने घरमै बसेर आरामले कुरा गर्न सक्ने भएका छौँ । यसले निकै सुबिस्ता भएको अनुभव भइरहेको छ। अहिले देश तथा विदेशमा रहेका आफन्तसँग भिडियो कल गर्न पाएका छौँ । निकै खुसी लाग्यो ।" गाउँमा फोरजीसम्मको सेवा पुऱ्याउन गाउँपालिकाले लामो समयदेखि प्रयास गरिरहेको थियो । गाउँबस्तीमा फोरजी चल्न थालेपछि अहिले यहाँका स्थानीयलाई स्थानीय सरकार घरमै पुगेको महसुस भएको पनि रावलले बताउनुभयो । पालिकाले विगत दुई वर्षदेखि टेलिकमको केन्द्रीय कार्यालय काठमाडौँसँग निरन्तर पत्राचार, प्रत्यक्ष भेटघाट र अनुरोध तथा समन्वयपछि गत वर्षदेखि यस क्षेत्रमा टावर निर्माण सुरु भएको हुम्ला अदानचुली गाउँपालिकाका अध्यक्ष सिंहले बताउनुभयो । उहाँले भन्नुभयो "मैले निरन्तर दवाब दिएकाले यसले छिटो निकास पाई सञ्चालनमा आएको हो ।" यस्तै सोरु गाउँपालिकाको लामाकाँधमा राखिएको टावर सञ्चालनमा नआए हुम्लामा सञ्चालनमा नआउने भएपछि सोरु गाउँपालिकाका अध्यक्ष धर्मबहादुर शाहीलाई निकै छिटो सञ्चालनमा ल्याउनै पर्ने बाध्यता थियो सोही अनुसार आफ्नु पनि भागेका ठेकदाहरुलाई ल्याउन र छिटो काम सञ्चालनमा ल्याउने दुई वर्ष लागेको बताउनुभयो । उहाँलले भन्नुभयो "अब हरेक गाउँमा फोरजीसहितको टेलिफोन सेवा सञ्चालन भएसँगै सरकारी तथा गैरसरकारी कार्यालय, स्वास्थ्य र शिक्षा क्षेत्रमा पनि निकै सहज भएको छ। अबदेखि यहाँका विद्यालय डिजिटल शिक्षा, अनलाइन शिक्षा र स्वास्थ्यमा पनि अनलाइन सेवा सुरु गर्न सकिने छ।"

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके